आठराई गाउँपालिका

# आठराई राजपत्र

आठराई गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९) संक्रान्तिबजार, तेह्रथुम असार महिना १८ गते, २०८३ साल (संख्याः १)

भाग-२

आठराई गाउँपालिका

## नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

# आठराई गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय संक्रान्तिबजार, तेह्रथुम
## नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

सभाबाट स्वीकृत मितिः २०८३/३/१०

गाउँपालिकाको सबै वडाहरुमा सडक पूर्वाधार निर्माण भइसकेको र स्थानीय नागरिकहरुलाई आवागमनका लागि यातायात सुविधालाई सहज र सर्वसुलभ यातायात सेवा प्रदान गर्न नगर बस सेवा सञ्चालन गर्न अति आवश्यक भएकोले बस सेवालाई सुरक्षित, भरपर्दो, सर्वसुलभ, सेवामुखी र व्यवस्थित रुपमा सञ्चालन गर्न बाञ्छनीय भएकोले, आठराई गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमन गर्ने) ऐन,२०८१ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम आठराई गाउँपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।
   (२) यो कार्यविधि आठराई गाउँकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।
2. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
   (क) **"अध्यक्ष"** भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।
   (ख) "**उपाध्यक्ष**" भन्नाले आठराई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।
   (ग) **"कार्यपालिका सदस्य"** भन्नाले आठराई गाउँपालिकाको गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्दछ।
   (घ) **"कार्यविधि"** भन्नाले आठराई गाउँपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनु पर्दछ।
   (ङ) **"कार्यालय"** भन्नाले आठराई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
   (च) **"गाउँपालिका"** भन्नाले आठराई गाउँपालिका सम्झनु पर्दछ।
   (छ) **"चालक"** भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त भई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीबाट नगर बस सवारी चालक परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्दछ।
   (ज) **"चालक अनुमतिपत्र"** भन्नाले सवारी साधन चलाउन पाउने गरी अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्रलाई सम्झनु पर्दछ।
   (झ) **"टिकट"** भन्नाले नगर बस यातायात सेवा प्रयोग गर्दा सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनु पर्दछ।
   (ञ) "**नगर क्षेत्र**" भन्नाले आठराई गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्दछ।
   (ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आठराई गाउँपालिकाको कार्यालय प्रमुख सम्झनु पर्दछ।
   (ठ) "**पार्किङ स्थल**" भन्नाले यातायात सवारी राख्न निर्धारित गरिएको स्थल सम्झनु पर्दछ।
   (ड) **"बस"** भन्नाले गाउँपालिकाले संचालन गरेको नगर बस सम्झनु पर्दछ।
   (ढ) "**बस बिसौनी**" भन्नाले यात्रुबाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनका लागी चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्दछ।
   (ण) "**यातायात सेवा**" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्रु वा मालसामान ओसार पोसार गर्ने कार्य सम्झनु पर्दछ।
   (त) "**सवारी**" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनलाई सम्झनु पर्दछ।
   (थ) "**साझेदार संस्था**" भन्नाले नगर बस सेवा संचालन गर्न कार्यालयसँग सम्झौता गरी बस सेवा संचालन गर्ने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्दछ।

**परिच्छेद-२**

**समितिको गठन,काम कर्तव्य र अधिकार**

**३. नगर बस सञ्चालन तथा व्यवस्थापन समितिः** (१) नगर बस सेवाको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्ने देहाएको पदाधिकारीहरु रहेको एक नगर बस सेवा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

1. गाउँपालिका अध्यक्ष - संयोजक

2. गाउँपालिका उपाध्यक्ष - सदस्य
3. वडा अध्यक्ष वा कार्यपालिका सदस्यमध्येबाट एक - सदस्य
4. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
5. जिन्सी इकाई प्रमुख - सदस्य
6. प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिले आवश्यक ठानेमा समितिको बैठकमा अन्य व्यक्ति आमन्त्रित गर्न सकिने छ।

(३) समितिको बैठक भत्ता गाउँपालिका अध्यक्ष स्तरीय बैठकमा प्राप्त गर्ने सुविधा बमोजिम हुनेछ।

(४) समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(1) नगर बस संचालन प्रक्रिया तथा मापदण्ड निर्धारण गर्ने।

(2) नगर बस सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गरी पृष्ठपोषण गर्ने र सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने।

(3) नगर बस सेवा संचालन गर्न आवश्यक जनशक्ति वयवस्थापन गर्ने।

(4) चालकले पालना गर्नुपर्ने आचार संहिता लागू गराउने र आचार संहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(5) नगर वस सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(6) सेवाहरुको निश्चित मापदण्डको आधारमा सेवा शुल्क निर्धारण गर्ने।

(7) नगर बस सेवा संचालन क्षेत्र र समय निर्धारण गर्ने।

(8) सरोकारवाला तथा अन्य संघ संस्थाहरु वीच आवश्यकता अनुसार सेवाहरुको बारेमा समीक्षा गर्ने।

(9) नगर बस सेवाको भाडा दर निर्धारण गर्न मापदण्ड तयार गर्ने र सोको आधारमा बस भाडा निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा सिफारिस गर्ने।

(10) नगर बस सेवा संचालनको लागि अन्य आवश्यक व्यवस्था गर्ने।

(2) गाउँपालिकाले आफैले बस संचालन गर्न परेमा देहाय बमोजिमको पक्रिया अपनाउनु पर्नेछः-

(क) बस सेवा संचालन गर्न आवश्यक पर्ने जनशक्ति समितिले निर्धारण गर्नेछ।

(ख) बस संचालन गर्न खण्ड (क) बमोजिम निर्धारण भएको जनशक्ति ज्यालादारीमा नियुक्ति गर्न समितिले कार्यालयलाई सिफारिस गर्नेछ।

(ग) समितिको सिफारिस अनुसार कार्यलयले ज्यालादारीमा जनशक्ति नियुक्त गर्नेछ।

(घ) निर्धारित बस भाडा संकलन गर्न समितिले तोकेको ढाँचामा गाउँपालिकाले टिकट रसिद अभिलेख तयार गरी बस संचालक कर्मचारीलाई उपलब्ध गराउने छ।

(ङ) बस संचालन गर्न आवश्यक पर्ने इन्धन कार्यालयले व्यवस्था गर्नेछ।

(च) बस मर्मत सम्भार सम्बन्धी व्यवस्था कार्यालयले गर्नेछ।

(छ) समितिको सदस्य सचिवले बस संचालन सम्बन्धी लगबुक सहितको छुट्टै अभिलेख तयार गरी प्रत्येक महिनाको अन्त्यमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

(ज) भाडामा बस संचलान गर्न मासिक भाडा समितिले निर्धारण गरी गाउँ कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ र गाउँकार्यपालिबाट स्वीकृत भए बमोजिम हुनेछ।

(झ) बस संचालन मार्फत जम्मा भएको रकम प्रत्येक शुक्रबार गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद-३

## गाउँपालिकाको बस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

५. **कम्पनी वा संस्था छनौट विधि एवं सम्झौत;-**(१) गाउँपालिकाले कम्पनी वा संस्था सँगको साझेदारी मार्फत पनि नगर बस सेवा सञ्चालन गर्न गराउन सक्ने छ। कम्पनी वा संस्था मार्फत साझेदारीमा नगर बस संचालन गर्न “सार्वजनिक खरीद ऐन” अनुसार सिलबन्दी बोलपत्र वा प्रस्ताव (RFP) आह्वान गरी योग्य कम्पनी वा संस्था छनौट गर्नुपर्ने छ।

(२) छनौट कम्पनी वा संस्था "कम्पनी ऐन, २०६३" अन्तर्गत दर्ता भएको र यातायात व्यवस्था कार्यालयबाट "सार्वजनिक यातायात सञ्चालन इजाजत" प्राप्त हुनुपर्ने। गाउँपालिका र कम्पनी वा संस्था बीच कार्यसम्पादन सम्झौता (Performance Based Contract) अनिवार्य रूपमा गराएर मात्रै नगर बस सञ्चालन गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने गाउँपालिका र संस्था वा कम्पनी बीचको कार्यसम्पादन सम्झौता देहाय बमोजिमका शर्तहरू प्रष्टसँग खुलाई अनिवार्य रूपमा उल्लेखभएको हुनुपर्ने छ।

(क) संस्था वा कम्पनीले गाउँपालिकालाई बुझाउनुपर्ने रोयल्टी/शुल्क,

(ख) सवारी मर्मत सम्भार सम्बन्धी व्यवस्था,

(ग) सवारी साधन तथा यात्रुको बीमा सम्बन्धी व्यवस्था,

(घ) सवारी सञ्चालन गर्ने रुट र समय,

(ङ) सवारीमा लाग्ने इन्धन खर्च सम्बन्धी व्यवस्था

(च) यात्रु भाडा दर सम्बन्धी व्यवस्था,

(छ) जनशक्ति व्यवस्थापन,

(ज) टिकट वितरण सम्बन्धी व्यवस्था।

(४) उपदफा (३) मा उल्लेख नभएका अन्य विषयहरू सम्झौतामा आपसी समझदारीमा थप गर्न सकिनेछ।

६. **<u>व्यक्ति, संस्था वा कम्पनीको दायित्वः</u>** गाउँपालिकाले साझेदारी मार्फत बस सेवा संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीसँगको सम्झौता-पत्रमा उल्लिखित शर्तको पालनाका साथै देहाय बमोजिम गर्नु गराउनु पर्नेछः-

(क) यात्रुहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढ्ने र ओर्लने व्यवस्था गर्ने।

(ख) यात्रु, उपभोक्ता वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने।

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने।

(घ) चालक र परिचालकलाई न्यूनतम पारिश्रमिकको सुनिश्चितता गर्नु पर्ने।

(ङ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने गराउने।

(च) अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त, बालबालिका, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने।

(छ) चालक र परिचालकले प्रचलित कानून बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड), अग्नी नियन्त्रण उपकरण, फोहोर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने।

(झ) सवारी साधनमा गाउँपालिकाको स्वीकृत बेगर विज्ञापन नगर्ने।

(ञ) सम्बन्धित निकाय वा गाउँपालिकाले समय समयमा तोकेको मापदण्डको पूर्ण रुपमा परिपालना गर्ने।

(ट) कार्तिक देखि माघ मसान्तसम्म बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ६ बजेदेखि साझँ ६ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा संचालन गर्नुपर्नेछ र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा सञ्चालनको व्यवस्था मिलाउने।

(ठ) सवारी साधन कुन रुटमा संचालन हुने हो सजिलैसँग छुट्टाउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा रंग वा निश्चित चिन्हको प्रयोग गर्ने।

(ड) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा बस संचालन गर्दा गाउँपालिकाबाट निर्धारण भएको भाडा दर बमोजिमको भाडा लिने व्यवस्था मिलाउने।

(ढ) गाउँपालिकाबाट हुने नियमन, अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने।

(ण) गाउँपालिकाबाट समय-समयमा दिइने निर्देशनको अनिवार्य रुपमा परिपालना गर्ने गराउने।

(त) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने।

(थ) बस संचालन मार्फत जम्मा भएको नगद प्रत्येक शुक्रवार गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने।

७. **<u>नगर बस सेवा संचालन गर्दा कार्यलयले देहायका कार्य गर्नु गराउनु पर्नेछः</u>**

(क) यात्रुको सुरक्षा व्यवस्था र अनुगमनका लागि बसमा सि.सि.टी.भी. क्यामेराको जडान गर्ने/ गराउने,
(ख) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने हिव्लचेयर राख्न सकिने व्यवस्था गर्ने/गराउने,
(ग) यात्रुवर्ग तथा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन सुझाव पेटिका र सूचना अधिकारीको व्यवस्था गर्ने,
(घ) यात्रुहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक रुपमा हुने टिकटहरु जारी गर्ने।

**परिच्छेद-४**

**सवारी चालक, सहचालक तथा यात्रुसम्बन्धी व्यवस्था**

८. **सवारी चालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर बसको चालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,
(ख) सवारी साधन चालकको कम्तिमा १ वर्षको अनुभव भएको,
(ग) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,
(घ) प्रचिलित कानूनले अयोग्य नठहरेको।

९. **परिचालकः** देहयको योग्यता पुगेको नेपाली नागरिक नगर बसको परिचालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको परिचालक इजाजत प्राप्त गरेको,
(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,
(ग) प्रचलित कानूनले अयोग्य नठहरेको।

१०. **चालकको कर्तव्यः** (१) नगर बस सेवा संचालनमा संलग्न चालकले यात्रुहरुसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगर बस सेवा संचालनमा संलग्न चालकले देहायका कार्य गर्नु हुँदैंनः

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,
(ख) बस बिसौनीमा निर्धारित समयभन्दा बढी समय सवारी साधन रोक्ने,
(ग) सवारी साधनमा अश्लिल फोटो टाँस्ने, अश्लिल गीत बजाउने,
(घ) सवारी चलाउँदा मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गर्ने,
(ङ) यौनजन्य दुर्व्यवहार गर्ने,
(च) कानूनले निषेध गरेका अन्य कार्यहरु गर्ने।

(३) दिनको समाप्तिमा टिकट बिक्रि मार्फत सङ्कलन भएको रकम आन्तरिक राजश्व शाखाको कर्मचारीलाई बुझाउने।

(४) नगर बसमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौबिस घण्टाभित्र कार्यपालिकामा बुझाउनु पर्नेछ।

(५) बस चल्ने रुटमा बस खालिरहेको अवस्थामा यात्रु लिन इन्कार गर्न नहुने।

११. **परिचालकको कर्तव्यः** (१) नगर बस सेवा संचालनमा संलग्न परिचालकले यात्रुहरुसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगर बस सेवा संचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंनः

(क) यात्रुसँग निर्धारित भन्दा बढी भाडा रकम असुल गर्ने,
(ख) टिकट दिन इन्कार गर्ने,
(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,
(घ) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,
(ङ) कानूनले निषेध गरेका अन्य कार्यहरु गर्ने।

१२. **यात्रुको कर्तव्यः** (१) नगर बस सेवा प्रयोग गर्ने यात्रुहरुले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बसमा यात्रा गर्ने यात्रुहरुले देहयका कार्य गर्नु हुँदैनः

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्ने प्रयत्न गर्ने,
(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,
(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका वा नक्कली परिचयपत्र देखाई भाडा छुटका लागि दावी गर्ने,

(च) उत्सर्जित फोहोरमैला तोकिएको स्थान वा फोहोर संकलन गर्न राखिएको भाँडा-बाहेक अन्यत्र जथाभावी फाल्ने,

(छ) मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(ज) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुऱ्याउने,

(झ) कानूनले निषेध गरेका अन्य कार्यहरु गर्ने।

**१३. नगर बस संचालन हुने रुटः** (१) गाउँपालिकाको सबै वडा भरी र तेह्रथुम जिल्ला सदरमुकाम सम्म।

(२) गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारी भ्रमण गर्ने भएमा आवश्यकता अनुसार उपलब्ध गराइने।

(३) गाउँपालिकामा संचालन हुने कुनै खेलकुद कार्यक्रमका लागि प्रयोगमा ल्याउन सकिने ।

(४) कुनै संस्था वा व्यक्तिले रिजव गरी तोकिएको भाडा तिरी प्रयोग गर्न सकिने।

(५) पाचँथर फिदिम नगरपालिकासँग दोहोरो सम्झौता गरी नगर बस उक्त रुटमा समेत संचालन गर्न सकिने।

(६) नगर बस सेवा संचालनको लागि अन्य व्यवस्था समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(७) अवस्था र आवश्यकताको आधारमा कार्यपालिकाले रुट थपघट गर्न सक्नेछ।

**१४. यात्रु भाडाको दर सम्बन्धी व्यवस्थाः** (१) नगर बस संचालनको लागि यात्रु भाडादर नगर बस संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार कायम हुनेछ। इन्धन लगायतका पदार्थको मूल्यमा हुने परिवर्तनको आधारमा तोकिएको भाडादरमा थपघट गर्न सकिनेछ।

**१५. सवारी चालक र परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधाः** (१) सवारी चालक तथा परिचालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ र आवश्यकता अनुसार तोकिएको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ।

**१६. सवारी चालक र परिचालकको विदाः** (१) सवारी चालक तथा परिचालकको विदा सम्बन्धी सुविधा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद-६

## टिकट समबन्धी व्यवस्था

**१७. टिकटको प्रयोगः** (१) बस संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्तापित गर्नु पर्नेछ।

**१८. टिकट अनिवार्य दिनुपर्नेः** (१) बसमा चढ्नुभन्दा पहिले वा चढे लगत्तै वा बसबाट झर्नु भन्दा पहिले यात्रुहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व परिचालकको हुने छ।

(२) विद्युतीय टिकट रहेको खण्डमा ई-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नु पर्नेछ।

(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ।

(४) यात्रु टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ अश्लिल सामाग्री तथा सार्वजनिक हित विपरित हुने सामाग्रीको प्रयोग तथा विज्ञापन गर्न पाइने छैन।

**१९. टिकट अनिवार्य रुपमा लिनुपर्नेः** गाउँपालिकाले रुट कायम गरी संचालन गर्ने बसको प्रयोग गर्ने यात्रुले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनु पर्नेछ।

**२०. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, विभिन्न प्रकारका आन्दोलनका घाइते, विद्यार्थी तथा निर्धारित व्यक्तिलाई देहाय बमोजिमको निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ।

(क) ५ बर्ष मुनिका बालबालिकालाई भाडा नलाग्ने,

(ख) सत्तरी (७०) देखि माथिका जेष्ठ नागरिकलाई टिकट दरमा पूर्ण रुपमा छुट हुने,

(ग) अपाङ्गता भएका व्यक्ति, अशक्त, विभिन्न प्रकारका आन्दोलनका घाइते, शहिद परिवारलाई पचास प्रतिशत छुट हुने,

(घ) विद्यार्थीलाई टिकट दरमा तेत्तिस प्रतिशत छुट हुने,

(ङ) स्कुल समयमा पोशाकमा रहेका र परिचयपत्र आफूसाथ भएको विद्यार्थीलाई पूर्ण रुपमा छुट गरिने छ।

(२) उपदफा (१) बमोजिमको सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय-पत्र वा छुटको सिफारिस पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ।

(३) उपदफा १(घ) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँचले भाग जाने अंक हुनेछ।

(४) अन्य छुट सम्बन्धमा प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ।

## परिच्छेद-७

## विविध

**२१. आरक्षण सिट सम्बन्धी व्यवस्थाः** नगर बसमा सवार गर्ने ज्येष्ठ नागरिक, अपाङ्गता, महिला, अशक्त व्यक्तिका लागि देहाय बोजिमको आरक्षण सिटको व्यवस्था गरिने छः-

(क) महिला सिट -२
(ख) ज्येष्ठ नागरिक सिट-२
(ग) अपाङ्गता/अशक्त सिट-२

**२२. यात्रु बिमा सम्बन्धी व्यवस्थाः** कार्यालयले प्रत्येक यात्रुको प्रचलित कानूनले तोके बमोजिम बीमा गर्नुपर्नेछ।

**२३. नगर बस सेवा संचालन सम्बन्धी विशेष व्यवस्थाः** गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध संघ संस्था तथा व्यक्तिहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा नगरबसको संचालन तथा व्यवस्थापन गर्न सक्नेछ।

**२४. मापदण्ड बनाउने अधिकारः** कार्यपालिकाले यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ।

**२५. कार्यविधिको संशोधनः** कार्यपालिकाले यस कार्यविधिमा उल्लिखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सक्नेछ।

**२६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ।

**२७. बाधा-अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा-अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ, त्यसरी कार्यपालिकाबाट भएको बाधा-अड्काउ सम्बन्धी निर्णय यस कार्यविधिको अभिन्न अंग मानिने छ।

**अनुसूची-१**
**नगर बस टिकटको ढाँचा**

| | |
|---|---|
| आठराई गाउँपालिकाद्वारा सञ्चालित<br>नगर बस सेवा<br>टिकट<br>टिकट नः.................<br>बस नं. प्र १ ००१<br>टिकट वर्गः सामान्य । सहुलियत<br>रुटः ............ देखि ........ सम्म<br>मितिः २०...... ।............।..........<br>रकम रू ............... प्राप्त भयो | आठराई गाउँपालिका, संक्रान्तिबजार तेह्रथुमनगर बस सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२ को दफा ३ बमोजिमको<br>समितिद्वारा सञ्चालित<br>सम्पर्कः ९८९८९८९९८<br>नगर बस टिकट<br>टिकट नः......................... मितिः २०......<br>।............।..........<br>बस नं. प्र १ ००१ टिकट वर्गः सामान्य । सहुलियत<br>सहुलियत वर्गः विद्यार्थी । ज्येष्ठ नागरिक । अपाङ्गता भएका<br>यात्रीको नामः ............................................... बाट जम्मा<br>१. टिकट सुरक्षित राख्नुहोस्, चेकिङको समयमा देखाउनुपर्नेछ ।<br>२. टिकट हराएमा पुनः शुल्क तिर्नुपर्ने हुन सक्छ ।<br>३. आफ्नो सामानको सुरक्षा यात्री स्वयम्ले गर्नुपर्नेछ ।<br>४. बसको यात्रा गर्दा अनिवार्य रूपमा टिकट काटेर यात्रा गर्नुहोला ।<br>५. सहुलियत वर्गको छुट प्राप्त गर्न आफ्नो परिचयपत्र अनिवार्य रूपमा पेश गर्नुहोला ।<br><br>तपाईंको यात्रा सुखद रहोस् !<br>आठराई गाउँपालिका, संक्रान्तिबजार तेह्रथुम<br><br>नगर बस सेवा<br>सम्पर्कः ९८९८९८९९९ |

**आज्ञाले,**

श्री नारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत